तपाईंको आवाज महत्वपूर्ण छ

# संयुक्त समितिहरूको सम्बन्धी एक परिचय

उत्पादकत्व | सामाजिक चेतना | सामाजिक सेवाहरूको तालिम | सुरक्षा | कामको व्यवस्थापन



International Labour Organization

TAAWON

एउटा कामदारको रुपमा, तपाईंको आवाज महत्वपूर्ण छ! तपाईंलाई बोल्न वा एउटा राम्रो धारणा दिनलाई कुनै समस्या आउन सक्दछ। तर तपाईंले व्यवस्थापनलाई कसरी भन्न सक्नु हुन्छ त? एउटा तरिका भनेको एक संयुक्त समितिबाट तपाईंको आवाज सुनिने स्थिति बनाउनु हो।



## संयुक्त समिति के हो त?

कतारको श्रम नियम अनुसार, ३० जना भन्दा बढी कामदार भएका कम्पनीहरूले एक संयुक्त समिति बनाउन सक्ने छन्। एक संयुक्त समितिले तपाईंको कम्पनीबाट समान संख्यामा कामदारहरू र व्यवस्थापकहरूलाई एकै ठाउँमा ल्याउँदछ।



## एउटा संयुक्त समितिले मलाई कसरी मद्दत गर्दछ?

यदि तपाईंसँग कुनै समस्या वा सुझाव छ भने, एउटा संयुक्त समितिमा भएका कामदार प्रतिनिधिले व्यवस्थापनसँग त्यसबारे छलफल गर्न सक्छन्।



## उनीहरू कतिको अन्तरालमा बैठक गर्दछन्?

संयुक्त समितिहरूले कार्यक्षेत्रका महत्वपूर्ण विषयहरूबारे छलफल गर्न कम्तीमा पनि महिनाको एक पटक बैठक गर्दछन्।

## कामदारहरूको प्रतिनिधित्व कसले गर्दछ?

कामदारहरूले चुनाव मार्फत दुई वर्षकालागि संयुक्त समितिमा बस्ने आफ्नो प्रतिनिधिको छनोट गर्दछन्। उनीहरूले कामदारहरूको चासोहरूलाई सुन्ने र त्यसबारे छलफल गर्ने कार्यहरू गर्दछन्। उनीहरूले संयुक्त समितिको बैठकहरूमा सहमति भएका कुराहरूलाई कामदारहरूका बीचमा सूचित पनि गर्दछन्।

## के म एक उम्मेदवार बन्न सक्छु?

यदि तपाईंको कम्पनीमा एउटा संयुक्त समिति छ भने, तपाईं एक कामदार प्रतिनिधिकोलागि गरिने चुनावमा उम्मेदवारको रुपमा उठ्न पाउनु हुनेछ।

चुनावमा उठ्ने उम्मेदवार बन्नलाई कम्पनीद्वारा सिधै नियुक्त गरिएका अथवा ठेकेदार वा एजेन्सीको अन्तर्गत रहेर सोही कम्पनीमा काम गरेका सबै कामदार हकदार हुन्छन्।

यद्यपि तपाईंसँग अनिवार्य रुपमा एक वैध सम्झौता हुनु पर्नेछ, तपाईंले कम्तीमा एक वर्षको सेवा अवधि पुरा गरेको हुनु पर्नेछ र तपाईं कुनै पनि व्यवस्थापकीय पदमा नरहेको स्थिति हुनु पर्नेछ।



## के मैले कुनै भुक्तानी पाउनेछु?

एक संयुक्त समिति सदस्य बन्दा कुनै अतिरिक्त भुक्तानी पाइँदैन, तर तपाईंलाई आफ्नो कर्तव्यको पालना गर्न दिन भने काम गर्ने अवधिमा पनि समय निकाल्न अनुमति प्राप्त हुनेछ।



## एउटा चुनाव हुन लागेको कुरा मैले कसरी थाहा पाउँछु?

तपाईंको मानव संसाधन विभागले तपाईंको कम्पनीमा एउटा संयुक्त समिति चुनाव हुन लागेको र त्यो कसरी गरिँदैछ भन्ने कुराको घोषणा गर्नेछ।

## के म निर्वाचित भएँ भने मलाई तालिम दिइनेछ?

यदि निर्वाचित हुनु भएमा, तपाईंलाई आफ्नो नयाँ भूमिका र जिम्मेवारीकाबारे तालिम प्रदान गरिने छ।

## मैले थप जानकारी कहाँ पाउन सक्छु?

थप जानकारीकालागि निम्न वेबसाइट हेर्नुहोस्: *www.ilo.org/qatar-office*